आज मिति २०८१/१०/२२ गते मंगलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को छैटौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी.................................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ............................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ................................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ............................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ......................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी.......................................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ..........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ .......................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु.................................................................................

१०.कार्यपालिका सदस्य श्री सुष्मा लावती .............................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई...............................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती..........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई...........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा....................................................................

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................................................................

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान................................................................................

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन........................................................................

१९.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी.......................................................................

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
३. गत आ.व. २०८०/०८१ स्थानीय संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा छलफल सम्बन्धमा ।
४. सङ्घीय समपूरक अनुदानको लागि आयोजना प्रस्ताव सम्बन्धमा ।
५. सङ्घीय विशेष अनुदानको लागि आयोजना प्रस्ताव सम्बन्धमा ।
६. विपद सामाग्री खरिद सम्बन्धमा ।
७. आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | - | २०८१-१०-१५ | श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | मन्त्रिपरिषदको निर्णय | जानकारी प्राप्त |
| २. | १७३ | २०८१-१०-०२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(सुचना तथा प्रविधि शाखा) | सुचनाको हक कार्यान्वयन सम्बन्धी प्रगति विवरण सम्बन्धमा । | |
| ३. | २५२ | २०८१-१०-१३ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | राय/सुझाब सम्बन्धमा । | |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि पाँचौं कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा सहित प्रमुख प्रशासकीय अधिकृत बाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषगत शाखाहरुलाई निर्देशन दिने ।

**निर्णय नं. ३.**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम आ.व. २०८०/०८१ को संस्थागत क्षमता तथा स्वमूल्याङ्कनको प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण भई सम्बन्धित विषय क्षेत्रको देहायनुसारको यथार्थ अङ्कभार निर्धारण गरी कार्यपालिकाबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | स्वमूल्याङ्कनका विषयक्षेत्रहरू | यथार्थ अङ्कभार | कैफियत |
|---|---|---|---|
| १. | शासकीय प्रबन्ध | ९६.४४% | |
| २. | संगठन तथा प्रशासन | ७५% | |

| | | | |
|---|---|---|---|
| ३. | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७२.७३% | |
| ४. | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ८१.८२% | |
| ५. | सेवा प्रवाह | ७९.६९% | |
| ६. | न्यायिक कार्य सम्पादन | १००% | |
| ७. | भौतिक पूर्वाधार | ८०.७७% | |
| ८. | सामाजिक समावेशीकरण | ४०% | |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ७७.७८% | |
| १०. | सहकार्य र समन्वय | ०% | |

| **समग्र स्थिति** | **प्रक्रियागत स्थिति** | **परिमाणात्मक स्थिति** | **जम्मा प्राप्ताङ्क** |
|---|---|---|---|
| ७७.३८% | ७२.०६% | ७१.११% | **७२.७५%** |

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न आ.व. २०८०/०८१ को स्थानीय तहको वित्तीय सुशासन मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण गरी देहायनुसारको यथार्थ अङ्कभार कुल प्राप्ताङ्कः- **६५.५%** निर्धारण गरी पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

स्थानीय तहमा आर्थिक नीति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तिकरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन जस्ता स्थानीय आर्थिक विकासका पक्षहरूको समग्र अवस्थाको मूल्याङ्कनको माध्यमबाट स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहयोग पुऱ्याउन आ.व. २०८१/०८१ को स्थानीय आर्थिक मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेशण गरी देहायअनुसारको यथार्थ अङ्कभार कुल प्राप्ताङ्कः- **३६.५%** निर्धारण गरी पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४.**

समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिम आगामी आ.व. २०८१/०८२ का लागि स्थानीय तहमा सङ्घीय समपूरक अनुदान अन्तर्गत तपसिल बमोजिमको आयोजनाहरू सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | आयोजनाको नाम | मुलभूत क्षेत्र | कुल लागत | प्रतिवर्ष आवस्यक बजेट | आयोजना अवधि |
|---|---|---|---|---|---|
| १. | श्रीचम्पा चिस्यानकेन्द आयोजना हिलिहाङ-४ | आर्थिक क्षेत्र | ४०६९९८९७.५९ | २०३४९९४.८० | २ वर्ष |
| २. | जोरपोखरी पर्यटकीय क्षेत्र | पर्यटकीय क्षेत्र | ४६४१८८६४.४७ | २३२०९४३२.२३ | २ वर्ष |
| ३. | हिलिहाङ दरबारक्षेत्र गुरुयोजना अनुसार गोल घर, एल सेप भवन, फलैचा तथा चौतारा निर्माण | पर्यटकीय क्षेत्र | १६१९६०८५.८७ | १६१९६०८५.८७ | १ वर्ष |

थ

**निर्णय नं. - ५**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिम आगामी आ. व. २०८२/०८३ का लागि यस स्थानीय तहमा संघीय विशेष अनुदान अन्तर्गत तपसिलको आयोजनाहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः-**

| क्र. सं. | आयोजना/कार्य क्रमको नाम | मुलभूत क्षेत्र | कुल लागत | चालु आ.वमा विनियोजित बजेट | प्रतिवर्ष आवश्यक बजेट | आयोजना अवधि |
|---|---|---|---|---|---|---|
| १. | अमरपुर स्वास्थ्य चौकी भवन निर्माण (क्रमागत) | सामाजिक क्षेत्र | २,८१,९५,९७६.८५ | ९००००००.०० | १९१९५९७६.८५ | २ वर्ष |
| २. | दलित समुदायको परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रम | सामाजिक क्षेत्र | ५०,००,०००.०० | ० | ५०,००,०००.०० | १ वर्ष |

**निर्णय नं. - ६**

हिलिहाङ गाउँपालिका क्षेत्र भित्र विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ दफा २ को (घ) तथा (झ) घट्न सक्ने गैरप्राकृतिक तथा प्राकृतिक विपदबाट हुन सक्ने जोखिमबाट मानवीय तथा गैरमानवीय क्षतिलाई कम गर्न तथा विपद ज्योखिम पश्चात विपद प्रतिकार्यको कार्यलाई प्रभावकारी बनाउनका लागि स्थानीय विपद् व्यस्थापन समितिको पहिचान तथा सिफारिसमा रु.३,००,०००।- (अक्षरेपी तीन लाख रुपैयाँ मात्र) बराबरको विपद् व्यवस्थापन कोष बाट विपद सामाग्री खरिद गरी स्थानीय विपद् व्यस्थापन समितिको राय बमोजिम वितरण गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ७**

"हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारको तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री डिलमाया योङहाङ | हिलिहाङ-४ | नसा सम्बन्धी समस्या | रु.४०,०००।- | कार्यविधि नभएको आर्थिक अवस्था अत्यन्त कमजोर भएको। |
| २. | श्री कुल बहादुर विश्वकर्मा | हिलिहाङ-७ | दमसम्बन्धी समस्या | रु.३५,०००।- | कार्यविधि नभएको आर्थिक अवस्था अत्यन्त कमजोर भएको। |
| ३. | श्री पदम बहादुर योङहाङ | हिलिहाङ-३ | उच्च रक्तचापका कारण मृत्यु भएको | रु. १०,००० ।- | कार्यविधि नभएको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले मृतकको श्रीमानलाई भुक्तानी दिने |